जापानीभाषा
ネパール語

**विदेशी रुट भएका बालबालिकाका लागि शिक्षा सहयोग परियोजना 2024**

# भविष्यको लागि पाठ्य विषय गाइडेन्स

## ~ माध्यमिक विद्यालयबाट स्नातक गरेपछि कहाँ के गर्नुहुन्छ? ~

# विषय सूची


Ⅰ. जापानको विद्यालय प्रणाली बारे

II. माध्यमिक विद्यालयबाट स्नातक पछि पढ्ने बाटो

प्रश्नोत्तर

III. सामग्री

## I . जापानको विद्यालय प्रणाली बारे

1. जापानको शैक्षिक प्रणाली बारे

जापानमा प्राथमिक विद्यालय र माध्यमिक विद्यालय अनिवार्य शिक्षा हो।




(नोट 1) अंशकालिक पाठ्यक्रमको लागि *4 वर्ष सामान्य हो। तर अंशकालिक पाठ्यक्रम र पत्राचार पाठ्यक्रमहरू लिएर 3 वर्षमा स्नातक गर्न पनि सम्भव छ।

(नोट 2) *फेसन डिजाइन/गृह अर्थशास्त्र, वाणिज्य, उद्योग, चिकित्सा हेरचाह शास्त्र , संस्कृति आदि छ।

(नोट 3) *विदेशी नागरिकताका बालबालिका अनिवार्य शिक्षाको अधीनमा छैनन्।

2. माध्यमिक विद्यालयबाट स्नातक पछिको पाठ्य विषय

माध्यमिक विद्यालयबाट स्नातक पछिको पाठ्य विषयहरू वर्गीकरण गर्दा निम्न रेखाचित्र जस्तै हुन्छ।




## II. माध्यमिक विद्यालयबाट स्नातक पछि पढ्ने बाटो

माध्यमिक विद्यालयबाट स्नातक पछि पनि पढाइ गरिरहन विभिन्न तरिकाहरू छन्। उच्च माध्यमिक विद्यालय, उच्च व्यावसायिक विद्यालयमा पढ्ने बाटो, विशेष प्रशिक्षण कलेज र विभिन्न स्कूलहरू र उच्च प्राविधिक कलेजमा जाने बाटो, साथै काम गर्दै पढ्न चाहने व्यक्तिहरूको लागि अंशकालिक पाठ्यक्रम र पत्राचार पाठ्यक्रमको उच्च माध्यमिक विद्यालयहरू पनि छन्। शिक्षकसँग राम्रोसँग परामर्श गर्नुहोस्।

1. माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालय बीच के भिन्नता छ?

माध्यमिक विद्यालय अनिवार्य शिक्षा भएकोले सैद्धान्तिक रूपमा अर्को कक्षामा पुग्न नसक्ने सम्भावना छैन। तर उच्च माध्यमिक विद्यालयमा कमजोर ग्रेड वा बारम्बारको अनुपस्थितिले अर्को कक्षा वा स्नातक हुनबाट रोक्न सक्छ। उच्च माध्यमिक विद्यालयको नियम विद्यालय अनुसार फरक हुन्छ।

2. जसले पनि उच्च माध्यमिक विद्यालयको परीक्षा दिन सक्छ?

(1) 15 वर्ष वा सो भन्दा माथिका र जापानको माध्यमिक विद्यालयबाट स्नातक गरेका वा विदेशमा 9 वर्षको शिक्षा पूरा गरेका छ भने जो पनि परीक्षा दिन योग्य हुन्छन्।

यदि विदेशमा 8 वर्ष पढेको भए,

② जापानको विद्यालयमा 1 वर्षको लागि पढ्ने वा

② प्रत्येक वर्ष अक्टोबरको अन्त्यतिर हुने "माध्यमिक विद्यालय स्नातक बराबरको प्रमाणीकरण परीक्षा *(Chugakko sotsugyo teido nintei shiken)*" पास गर्नु सर्त हो।

(2) माध्यमिक विद्यालय स्नातक प्रमाणीकरण परीक्षा भनेको के हो *(Chugakko sotsugyo teido nintei shiken )*?

माध्यमिक विद्यालय स्नातक गरे बराबरको शैक्षिक योग्यता छ वा छैन भनी प्रमाणित गर्न यो सरकारले सञ्चालन गर्ने परीक्षा हो। पास गरेका व्यक्तिहरूलाई उच्च माध्यमिक विद्यालयको परीक्षा दिने योग्यता दिइनेछ। जापानी नागरिक नभएको र आर्थिक वर्षको अन्त्य सम्ममा 15 वर्ष पुग्ने वा सोभन्दा बढी उमेर पुगेका व्यक्तिहरूले पनि परीक्षा दिन सक्छन्।

खुल्ने अवधि: जुलाई तिर देखि

सम्पर्क: शिगा प्रिफेक्चरल शिक्षा बोर्ड सचिवालय किन्डरगार्टन, प्राथमिक र माध्यमिक विद्यालय शिक्षा विभाग:

टेलिफोन 077 - 528 - 4665

शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालयको वेबसाइट हेर्नुहोस्

( https://www.mext.go.jp/a_menu/shotou/sotugyo/index.htm )

(3) तपाईं आफ्नो देश फर्कन चाहनुहुन्छ भने

विद्यालयलाई अग्रिम सूचित गर्नुहोस् र आवश्यक कागजातहरू (विद्यालय नामांकन प्रमाणपत्र , शैक्षिक प्रमाणपत्र, पाठ्यक्रमको प्रमाणपत्र, स्नातकको प्रमाणपत्र) तयार गर्नुहोस्। त्यसपछि परराष्ट्र मन्त्रालयको आधिकारिक प्रमाणीकरण प्रक्रिया पनि आवश्यक हुन्छ।

3. विद्यालयको प्रकार

जापानमा उच्च माध्यमिक विद्यालय, सार्वजनिक उच्च माध्यमिक विद्यालय र प्राइभेट उच्च माध्यमिक विद्यालयहरूमा विभाजित छन्। साथै विद्यालय जाने समय आदि अनुसार 3 प्रकारमा विभाजन गरिएको छ।

(1) उच्च माध्यमिक विद्यालय

① सार्वजनिक उच्च माध्यमिक विद्यालय र प्राइभेट उच्च माध्यमिक विद्यालयहरू बीचको भिन्नता

क) सार्वजनिक उच्च माध्यमिक विद्यालय र प्राइभेट उच्च माध्यमिक विद्यालयहरू बीचको भिन्नताका बुँदाहरू निम्नानुसार छन्।

| सार्वजनिक उच्च माध्यमिक विद्यालय | | प्राइभेट उच्च माध्यमिक विद्यालय |
|---|---|---|
| ◇ प्रिफेक्चरले स्थापना गरेको<br>◇ शिक्षण शुल्क सस्तो छ<br>◇ सहशिक्षा<br>◇ रिपोर्ट **(*1)** र प्रवेश गर्ने व्यक्ति चयन गर्ने शैक्षिक क्षमता परीक्षा<br>◇ फेब्रुअरीको सुरू तिर र मार्चमा चयन गरिन्छ | ⇔ | ◇ निजी संस्थाले स्थापना गरेको<br>◇ शिक्षण शुल्क महँगो छ<br>◇ त्यहाँ केटा मात्रको विद्यालय, केटी मात्रको विद्यालय र सहशिक्षाको विद्यालयहरू छन्।<br>(शिगा प्रिफेक्चरमा सहशिक्षाको विद्यालय मात्र)<br>◇ प्रवेश परीक्षा र अन्तर्वार्तामा जोड दिइएको छ<br>◇ तपाईं एकल आवेदन वा बहु आवेदन **(* 2)** मार्फत परीक्षा दिने तरिका छनोट गर्न सक्नुहुन्छ।<br>◇ फेब्रुअरीको सुरू तिर चयन गरिन्छ (शिगा प्रिफेक्चर भित्र) |

**<चार्ट भित्रको शब्दहरूको व्याख्या>**

**(*1)** रिपोर्ट भनेको के हो?

पाठ्य विषय सम्बन्धित ग्रेडहरू (मूल्याङ्कन) माध्यमिक विद्यालय 3 वर्षको प्रत्येक विषय (9 विषयहरू) को लागि 5 स्तरको पूर्ण मूल्याङ्कनका साथमा आधारित हुन्छन्। यस्ता सबै विषयहरूको माध्यमिक विद्यालयको मूल्याङ्कन आदि लेखेर आवेदन दिने बेला आदिमा उच्च माध्यमिक विद्यालयलाई पेश गरिने कागजातहरूको कुरा हो।

**(*2)** एकल आवेदन वा बहु आवेदन भनेको के हो?

प्राइभेट उच्च माध्यमिक विद्यालयको एकल आवेदन भनेको पास भएपछि निश्चित रूपमा प्रवेश गर्नुहुनेछ भनी प्रतिज्ञाको साथ परीक्षा दिने तरिका हो। अर्कोतर्फ बहु आवेदन भनेको पास भएपनि त्यसपछि गरिने सार्वजनिक उच्च माध्यमिक विद्यालयको परीक्षा दिएर सार्वजनिक उच्च माध्यमिक विद्यालयमा पास भयो भने प्राइभेट उच्च माध्यमिक विद्यालयमा नजाने परीक्षा दिने तरिका हो। अर्को शब्दमा भन्नुपर्दा एकल आवेदनमा प्राइभेट उच्च माध्यमिक विद्यालयमा पास भएमा त्यसपछि गरिने सार्वजनिक उच्च माध्यमिक विद्यालयको परीक्षा दिन सकिँदैन। सार्वजनिक उच्च माध्यमिक विद्यालयको परीक्षा पास भएमा भर्ना गर्नै पर्ने भएकोले एकल आवेदन बहु आवेदन जस्ता कुरा छैन।

ख) पूर्ण-समय/अंशकालिक पाठ्यक्रम/पत्राचार पाठ्यक्रम

उच्च माध्यमिक विद्यालयमा कक्षाको समय र किसिम अनुसार निम्न प्रकारहरू छन्। पूर्ण-समय विद्यार्थीहरू दिनको समयमा विद्यालय जान्छन्। अंशकालिक पाठ्यक्रममा दिन र रातको समयहरू छन्। पत्राचार पाठ्यक्रममा पाठ्यपुस्तक र टिभी प्रयोग गरि घरमा अध्ययन गरेर रिपोर्टहरू पेश गरिन्छ र आइतबार आदिमा भेटेर कक्षा लिइन्छ। अंशकालिक पाठ्यक्रम र पत्राचार पाठ्यक्रममा ग्रेड प्रणाली नभई क्रेडिट प्रणाली अपनाउने विद्यालयहरू पनि छन्।

② उच्च माध्यमिक विद्यालयका पाठ्यक्रमहरू

सामानिय शिक्षालाई मुख्य रूपमा लिने पाठ्यक्रम (सामानिय पाठ्यक्रम/वनको खोजी पाठ्यक्रम/भविष्य सह -निर्माण पाठ्यक्रम) र व्यावसायिक शिक्षालाई मुख्य रूपमा लिने पाठ्यक्रम (कृषि, उद्योग, वाणिज्य, परिवार, नर्सिंङ/ कल्याण आदि)र व्यावसायिक बाहेकको विशिष्ट शिक्षालाई मुख्य रूपमा लिने पाठ्यक्रम (विज्ञान र गणित, संगीत, कला, व्यायामको कक्षा आदि) छन्।

साथै शृङ्खलामा विभाजित भएर विशेष रूपमा अध्ययन गर्ने विस्तृत पाठ्यक्रम छ।

(2) अन्य शैक्षिक संस्थाहरू

① टेक्नो कलेज (शिगा प्रिफेक्चरल उच्च प्राविधिक कलेज)

उच्च प्राविधिक कलेजहरू जागिर पाउनको लागि आवश्यक ज्ञान र सीपहरू प्राप्त गर्ने सुविधा हुन्। प्रिफेक्चरमा माइबारा विद्यालय भवन र कुसाचु विद्यालय भवन छन्। यहाँ युवाहरू र आफ्नो जागिर छोडेकाहरूसँग 1 वर्षको व्यावसायिक तालिम दिइन्छ।

माध्यमिक विद्यालयबाट नयाँ स्नातकहरूलाई भर्ना गर्ने पाठ्यक्रमहरू निम्न हुन्।

| विद्यालयको नाम | प्रशिक्षण अवधि | व्यावसायिक पाठ्यक्रम | माध्यमिक विद्यालयबाट नयाँ स्नातकहरूको भर्नाको निश्चित संख्या |
|---|---|---|---|
| टेक्नो कलेज माइबारा<br>(उच्च प्राविधिक कलेज माइबारा विद्यालय भवन) | 1 वर्ष | काठ वास्तुकला पाठ्यक्रम | लगभग 5 जना सम्म |
| टेक्नो कलेज कुसाचु<br>(उच्च प्राविधिक कलेज कुसाचु विद्यालय भवन) | 1 वर्ष | फेसन डिजाइन पाठ्यक्रम<br>उत्पादन धातु पाठ्यक्रम | लगभग 5 जना सम्म<br>लगभग 5 जना सम्म |

② विशेष प्रशिक्षण कलेज र विभिन्न विद्यालयहरू

उच्च माध्यमिक विद्यालय बाहेक व्यावहारिक व्यावसायिक शिक्षा र विशेष प्राविधिक शिक्षाको लागि विशेष प्रशिक्षण कलेज, जापानी र पश्चिमी लुगा बनाउने, बुककिपिङ, अबाकस, कार मर्मत, कुकिङ र पोषण, कपाल, सौन्दर्य, कम्प्युटर, अंग्रेजीमा कुराकानी, उद्योग आदि सिक्न सक्ने विभिन्न विद्यालयहरू छन्।

माध्यमिक विद्यालयबाट स्नातक व्यक्तिले भर्ना गर्न सक्ने उच्च-स्तरीय पाठ्यक्रमहरू भएको विशेष प्रशिक्षण कलेज प्रिफेक्चरमा 2 वटा छन् र निम्न चार्ट अनुसार हो।

**माध्यमिक विद्यालयबाट स्नातक व्यक्तिले भर्ना गर्न सक्ने उच्च-स्तरीय पाठ्यक्रमहरू भएको विशेष प्रशिक्षण कलेज आदि**

(शिगा प्रिफेक्चर द्वारा स्वीकृत भएको विशेष प्रशिक्षण कलेजहरू सन् 2024 जुन सम्म)

| विद्यालयको नाम | | स्थान | पाठ्यक्रम (अवधि) | सीप सहयोग |
|---|---|---|---|---|
| विशेष प्रशिक्षण कलेज | ओत्सु सहर मेडिकल एसोसिएसन नर्सिङ विशेष प्रशिक्षण कलेज | ओत्सु सहर | सहायक नर्सिङ (2 वर्ष) | |
| | कोयोदाई मिनाकुचि प्राविधिक कलेज | कोका सहर | फेसन (3 वर्ष) | कोयोदाई उच्च माध्यमिक विद्यालय |

(3) व्यवसाय र योग्यता

व्यवसाय मध्येमा राष्ट्रिय परीक्षा पास नगरिकन काम गर्न नसक्ने प्रकारको पनि हुन्छन्। त्यो योग्यता पाउनको लागि परीक्षा दिने योग्यताको सर्त शैक्षिक पृष्ठभूमि, शैक्षिक पृष्ठभूमि वास्ता नगरि प्राप्त गर्न सक्ने कुरा, शैक्षिक पृष्ठभूमिको सिमा नभएपनि उच्च माध्यमिक विद्यालय स्नातक हुनुपर्ने वा विश्वविद्यालय स्नातक बराबरको ज्ञान आवश्यक पर्ने जस्ता व्यवसाय अनुसार विभिन्न सर्तहरू भएको कुरा थाह हुनु आवश्यक छ।

योग्यताहरू र सम्बन्धित व्यवसायका साथै योग्यता प्राप्तको उदाहरणबारे व्याख्या गरिएको कुरा निम्न अनुसार रहेका छन्।

① माध्यमिक विद्यालयबाट स्नातक भएको व्यक्तिले प्राप्त गर्न सक्ने योग्यता र व्यवसाय उदाहरण: कुक, ब्यूटीशियन, नाई आदि

② विश्वविद्यालय स्नातक वा त्यो बराबरको ज्ञान र सीपहरू आवश्यक पर्ने योग्यता र व्यवसाय उदाहरण: डाक्टर, दन्त चिकित्सक, पशु चिकित्सक, फार्मासिस्ट, शिक्षक, न्यायाधीश, वकिल, प्रमाणित सार्वजनिक लेखापाल, जीवन सुधार विस्तार कार्यकर्ता, सामाजिक शिक्षा निर्देशक, बाल सामाजिक कार्यकर्ता आदि

③ उच्च माध्यमिक विद्यालय सामान्य पाठ्यक्रम स्नातकहरूले प्राप्त गर्नको लागि फाइदाजनक योग्यता र व्यवसाय उदाहरण: नर्स, नर्सरी शिक्षक, निजामती कर्मचारी, लाइब्रेरियन, सार्वजनिक स्वास्थ्य नर्स, मिडवाइफ, आदि

④ उच्च माध्यमिक विद्यालय इन्जिनियरिङ पाठ्यक्रम स्नातकहरूले प्राप्त गर्नको लागि फाइदाजनक योग्यता र व्यवसाय उदाहरण: ग्याँस वेल्डिंङ इन्जिनियर, बोइलर अपरेटर, इलेक्ट्रिकल चिफ इन्जिनियर (पहिलो, दोस्रो, तेस्रो प्रकार), आर्किटेक्चर लाइसेन्स (पहिलो, दोस्रो ग्रेड), अटो मेकानिक (दोस्रो, तेस्रो ग्रेड) आदि

⑤ उच्च माध्यमिक विद्यालय व्यावसायिक पाठ्यक्रम स्नातकहरूले प्राप्त गर्नको लागि फाइदाजनक योग्यता र व्यवसाय उदाहरण: कर लेखाकार, प्रशासनिक लेखक, सामाजिक बीमा श्रम परामर्शदाता, सूचना इन्जिनियर, हेरचाह कार्यकर्ता आदि

निम्न रेखाचित्रले कुक र वकिलको योग्यता प्राप्त गर्ने प्रक्रिया देखाउँछ।







* राष्ट्रियता खण्डको बारेमा

"सार्वजनिक शक्तिको प्रयोग वा राष्ट्रको इच्छा निर्माणमा भाग लिने सामान्य निजामती कर्मचारीहरूका लागि रोजगारी परीक्षा दिने एउटा योग्यताको रूपमा जापानी नागरिकता आवश्यक पर्ने खण्ड हो। "(स्रोत: फ्रि विश्वकोश "विकिपिडिया (Wikipedia)"

हाल स्थानीय सार्वजनिक निकाय तहमा राष्ट्रियता खण्डको खारेज गर्ने आन्दोलन भइरहेको छ र राष्ट्रिय तहमा पनि शिक्षा र चिकित्सा सेवाका क्षेत्रमा बन्देज खुकुलो पारिएको छ । राष्ट्रियता खण्ड भर्ना परीक्षा दिने योग्यता हो वा होइन कामको प्रकार र क्षेत्र अनुसार फरक हुने हुनाले निश्चय गर्नुहोस्।

4. शिक्षण शुल्क बारे

माध्यमिक विद्यालयबाट स्नातक पछि उच्च माध्यमिक विद्यालय आदिमा पढ्नको लागि शिक्षण शुल्क (शैक्षिक शुल्क पनि भनिन्छ) आवश्यक छ। सर्वप्रथम प्रवेश चयन (प्रवेश परीक्षा) दिनको लागि "प्रवेश परीक्षा (परीक्षा दिने) शुल्क" चाहिन्छ र प्रवेश परीक्षामा पास भएमा भर्ना गर्नको लागि "प्रवेश एकमुष्ट शुल्क" (प्रवेश शुल्क) पनि आवश्यक छ। साथै हरेक वर्ष तोकिएको रकमको "ट्यूशन शुल्क" तिर्नुपर्छ।

अनि प्राइभेट उच्च माध्यमिक विद्यालय आदि भएमा अन्य "सुविधा अभिवृद्धि शुल्क" (भवन र उपकरण तयार गर्न आवश्यक पैसा) र विशेष प्रशिक्षण कलेज भएमा "प्रयोग र व्यावहारिक प्रशिक्षण शुल्क" आवश्यक छ। यी शुल्कहरू विद्यालयलाई तिर्नुपर्छ र यसलाई "विद्यालय शुल्क" भनिन्छ। यस बाहेक पनि प्रिफेक्चरल उच्च माध्यमिक विद्यालयमा पनि विद्यालय पढ्नको लागि पाठ्यपुस्तकहरूको शुल्क जस्ता विभिन्न खर्चहरू पनि चाहिन्छ।

आवश्यक शिक्षण शुल्क तपाईंले जान चाहनुभएको विद्यालयको प्रकार र क्षेत्र, राष्ट्रिय/सार्वजनिक वा प्राइभेट हो कि होइन, त्यो अनुसार धेरै फरक हुन्छ। अग्रिम तपाईंले जान चाहनुभएको विद्यालयको शिक्षण शुल्क (शैक्षिक शुल्क) आदि राम्रोसँग अनुसन्धान गर्नुहोस्।

(1) प्रवेश चयन (प्रवेश परीक्षा) र भर्ना गर्दा लाग्ने खर्च

| | प्रिफेक्चरल उच्च माध्यमिक विद्यालय | | | | पूर्ण-समय प्राइभेट विद्यालय (उदाहरण) |
|---|---|---|---|---|---|
| | पूर्ण-समय | अंशकालिक पाठ्यक्रम | क्रेडिट प्रणाली | पत्राचार पाठ्यक्रम | |
| प्रवेश परीक्षा शुल्क | 2,200 येन | 950 येन | 950 येन | चाहिँदैन | 20,000 येन |
| प्रवेश शुल्क | 5,650 येन | 2,100 येन | 2,100 येन | 500 येन | 150,000 येन |
| यूनिफर्म | 40,000 येन - 60,000 येन | चाहिँदैन | चाहिँदैन - 30,000 येन | चाहिँदैन | लगभग 70,000 येन |
| अन्य (जिम्नास्टिक लुगा आदि) (उदाहरण) | लगभग 50,000 येन (पहिलो कक्षाको लागि विद्यालय वर्षको शुल्क सहित) | लगभग 40,000 येन (पहिलो कक्षाको लागि विद्यालय वर्षको शुल्क सहित) | लगभग 25,000 येन (पाठ्यपुस्तक शुल्क सहित) | लगभग 20,000 येन (पाठ्यपुस्तक शुल्क सहित) | लगभग 70,000 येन |
| कुल | लगभग 100,000 येन | लगभग 43,000 येन | लगभग 28,000 येन | लगभग 20,000 येन | लगभग 310,000 येन |

* प्रवेश शुल्क भर्ना समय सम्ममा तिर्नु पर्छ।

(2) ट्यूशन शुल्क र अन्य वार्षिक खर्च

| | प्रिफेक्चरल उच्च माध्यमिक विद्यालय | | | | पूर्ण-समय प्राइभेट विद्यालय (उदाहरण) |
|---|---|---|---|---|---|
| | पूर्ण-समय | अंशकालिक पाठ्यक्रम | | पत्राचार पाठ्यक्रम | |
| | | क्रेडिट प्रणाली बाहेक | क्रेडिट प्रणाली | | |
| ट्यूशन शुल्क (वर्षमा) | 118,800 येन | 32,400 येन | 1,750 येन (1 क्रेडिट) | 330 येन (1 क्रेडिट) | लगभग 396,000 येन |
| PTA शुल्क आदि (वर्षमा) | प्रत्येक विद्यालय, कार्यक्रम, पाठ्यक्रम आदि अनुसार फरक छन्। | | | | लगभग 20,000 येन |
| शैक्षिक भ्रमणको सङ्कलन (वर्षमा) | प्रत्येक विद्यालय, कार्यक्रम, पाठ्यक्रम आदि अनुसार फरक छन्। | | | | लगभग 100,000 येन |
| अन्य (वर्षमा) पाठ्यपुस्तक, शिक्षण सामग्री आदि। | प्रत्येक विद्यालय, कार्यक्रम, पाठ्यक्रम आदि अनुसार फरक छन्। | | | | सुविधा उपकरण शुल्क लगभग 200,000 येन |
| कुल | प्रत्येक विद्यालय अनुसार फरक छ। | | | | लगभग 716,000 येन |

○ पाठ्यपुस्तकहरू आदिको पाठ्यपुस्तक शुल्क, PTA प्रायोजन शुल्क र शैक्षिक भ्रमणका लागि सङ्कलन कोष आदि प्रत्येक उच्च माध्यमिक विद्यालयअनुसार निर्धारण गरिएको छ।

○विद्यालय जानका लागि लाग्ने सवारी खर्च जस्तै JR, निजी रेलवे, बस आदि प्रयोग गर्ने विद्यार्थीले सामान्यतया विद्यार्थी छुट दरमा कम्युटर पास खरिद गर्न सक्छन्।

○ ट्यूशन शुल्क सहयोग प्रणालीको बारेमा (प्रवेश समय अप्रिलमा)

"उच्च माध्यमिक विद्यालय आदि विद्यालयमा प्रवेश समर्थन कोष" प्रणाली मार्फत राष्ट्रिय, सार्वजनिक वा प्राइभेट उच्च माध्यमिक विद्यालयहरूको विद्यार्थीहरू आदिका लागि ट्यूशन शुल्क सहयोग प्राप्त गर्न सकिन्छ। अभिभावकहरू आदिको वार्षिक आय लगभग 91 लाख येन भन्दा कम भएका परिवारहरू(*) प्रति ट्यूशन शुल्कको लागि "प्रवेश समर्थन कोष" दिइनेछन् र प्राइभेट उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि भने वार्षिक आय लगभग 59 लाख येन भन्दा कम भएका परिवारहरू(*)लाई भुक्तानी रकम थपिने अझ "प्रवेश समर्थन कोष" फिर्ता गर्न आवश्यक छैन।

○ ट्यूशन शुल्क बाहेक अन्य सहयोग प्रणाली बारे (भर्ना पछि प्रत्येक वर्ष जुलाई तिरमा)

अभिभावकहरू आदि शिगा प्रिफेक्चरमा बस्छन् र सन् 2014 अप्रिल पछि उच्च माध्यमिक विद्यालय आदिमा (प्रवेश समर्थन कोष दिइने दायरामा पर्ने मध्ये विशेष सहयोग विद्यालयको उच्च माध्यमिक विभाग बाहेक) प्रवेश गरेका न्यून आय भएका परिवारहरू (वार्षिक आय लगभग 27 लाख येन भन्दा कम (*) को कर-मुक्ति परिवार) प्रति ट्यूशन शुल्क बाहेक अन्य शैक्षिक शुल्कहरूको लागि भुक्तान गरिने "छात्रवृत्ति लाभ" छ।

विस्तृत विवरण र प्रक्रियाहरूको लागि भर्ना पछि विद्यालयमा सम्पर्क गर्नुहोस्।

* अभिभावकहरू आदिको कर योग्य आय (कर योग्य मानक रकम) जोडेर निर्धारण गरिन्छ। वार्षिक आय लगभग 91 लाख येन, वार्षिक आय लगभग 59 लाख येन, (वार्षिक आय लगभग 27 लाख येन ) भनेको अभिभावकहरू मध्ये एकजनाले काम गर्ने, उच्च माध्यमिक विद्यालयको विद्यार्थी एकजना (16 वर्ष वा सोभन्दा माथि) र माध्यमिक विद्यालयको विद्यार्थी एकजना भएको 4 जना परिवारलाई स्तरको रूपमा लिएको छ।

5. छात्रवृत्ति प्रणाली

आर्थिक रूपमा आफ्नो अध्ययन जारी राख्न गाह्रो भएकाहरूको लागि शिक्षण शुल्कमा सहयोग गर्ने छात्रवृत्ति प्रणाली छ। आर्थिक अवस्था आदिका कारण सीमाहरू छन् तर पहिले विद्यालयसँग परामर्श गर्नुहोस्।

निम्न प्रत्येक छात्रवृत्ति प्रणालीको अवलोकन छ। छात्रवृत्ति (वा कोष) प्राप्त गर्नको लागि योग्यता, मापदण्ड र फिर्ता गर्ने विधिहरू जस्ता विस्तृत जानकारीको लागि सिधै सम्पर्क ठेगानामा सम्पर्क गर्नुहोस्।

| नाम | मासिक रकम (बिना ब्याज ऋण) | भर्ना समय | सम्पर्क ठेगान (टेलिफोन) |
|---|---|---|---|
| शिगा प्रिफेक्चर छात्रवृत्ति कोष<br>(Shigaken shogaku shikin) | ○ छात्रवृत्ति (मासिक रकम)<br>राष्ट्रिय सार्वजनिक आफ्नो घरबाट जाने 18,000 येन<br>राष्ट्रिय सार्वजनिक आफ्नो घर बाहिरबाट जाने 23,000 येन<br>प्राइभेट आफ्नो घरबाट जाने 30,000 येन<br>प्राइभेट आफ्नो घर बाहिरबाट जाने 35,000 येन<br>○ प्रवेश कोष (एकमुष्ट रकम)<br>आधारभूत रकम 50,000 येन<br>प्राइभेट थप रकम 150,000 येन<br>(प्रवेश शुल्कको रकम भित्र)<br>○कम्प्युटर खरिद कोष (एक पटक मात्र)<br>सीमा 150,000 येन<br>(कम्प्युटर उपकरण खरिद आदि गर्न आवश्यक पर्ने खर्च बराबरको रकम) | आरक्षण भर्ना<br>(माध्यमिक विद्यालय 3 ग्रेडमा):<br>सेप्टेम्बर तिर<br><br>भर्ना भएर आवेदन:<br>जहिले पनि | भर्ना भएको उच्च माध्यमिक विद्यालय वा प्रिफेक्चरल शिक्षा बोर्ड सचिवालय<br>शिक्षा सामान्य मामिला विभाग<br>टेलिफोन: 077-528-4587 |
| शिगा प्रिफेक्चर उच्च माध्यमिक विद्यालय आदि अंशकालिक पाठ्यक्रम र पत्राचार पाठ्यक्रमहरूको लागि छात्रवृत्ति | प्रिफेक्चरल उच्च माध्यमिक विद्यालय<br>(अंशकालिक पाठ्यक्रम र पत्राचार पाठ्यक्रम)<br>प्राइभेट उच्च माध्यमिक विद्यालय<br>(पत्राचार पाठ्यक्रम) 14,000 येन<br>प्राइभेट उच्च माध्यमिक विद्यालय<br>(अंशकालिक पाठ्यक्रम) 29,000 येन | अक्टोबर तिर | भर्ना भएको उच्च माध्यमिक विद्यालय वा प्रिफेक्चरल शिक्षा बोर्ड सचिवालय<br>शिक्षा सामान्य मामिला विभाग<br>टेलिफोन: 077-528-4587 |
| जीवन कल्याण कोष ऋण (शिक्षा सहयोग कोष)<br>(Seikatsu Fukushi Shikin Kashitsukke [Kyoiku shien shikin ] ) | ○ शिक्षा सहयोग शुल्क (मासिक रकम)<br>उच्च माध्यमिक विद्यालय 35,000 येन भित्र<br>उच्च व्यावसायिक विद्यालय 60,000 येन भित्र<br>○ विद्यालय प्रवेश तयारी शुल्क (एकमुष्ट) 500,000 येन भित्र | जहिले पनि | (समाज कल्याण सेवा निगम) शिगा प्रिफेक्चर समाज कल्याण परिषद्<br>टेलिफोन: 077-567-3903 |
| ट्राफिक दुर्घटना अनाथहरूको लागि सहयोग गर्ने संस्था<br>(Kotsu iji ikueikai) | मासिक रकम<br>आवेदकले 20,000, 30,000, 40,000 येन बाट चयन गर्ने | आरक्षण भर्ना<br>(माध्यमिक विद्यालय 3 ग्रेडमा) * भर्ना पछि पनि भर्ना उपलब्ध छ | ट्राफिक दुर्घटना अनाथहरूको लागि सहयोग गर्ने संस्था<br>टेलिफोन: 0120-521286 |
| ट्राफिक दुर्घटना अनाथहरूको लागि छात्रवृत्ति<br>(Kôtsu iji shogakukin) | मासिक रकम 10,000 येन<br>(फिर्ता गर्न आवश्यक छैन) | ओरिजुरुकाई<br>सामेल भएपछि जहिले पनि | (सार्वजनिक हित सम्मिलित फाउन्डेशन) ओरिजुरुकाई<br>शिगा प्रिफेक्चरल बाटो मर्मत सम्भार विभाग भित्र<br>टेलिफोन: 077-528-3682 |
| आसिनागा छात्रवृत्ति फाउन्डेशन (विपद्/बिरामी अनाथ)<br>(Ashinaga Ikueikai) | राष्ट्रिय र सार्वजनिक उच्च माध्यमिक विद्यालय 25,000 येन*<br>प्राइभेट उच्च माध्यमिक विद्यालय 30,000 येन*<br>विशेष प्रशिक्षण कलेज/विभिन्न विद्यालय 40,000 येन*<br>* ऋण रकम | आरक्षण भर्ना<br>(माध्यमिक विद्यालय 3 ग्रेडमा) * भर्ना पछि पनि भर्ना उपलब्ध छ | आसिनागा छात्रवृत्ति फाउन्डेशन विभाग<br>टेलिफोन:0120-77-8565<br>URL: https://www.ashinaga.org |

| नाम | मासिक रकम (बिना व्याज ऋण) | भर्ना समय | सम्पर्क ठेगान (टेलिफोन) |
|---|---|---|---|
| च्यारिटेबल ट्रस्ट क्याथोलिक मारियन सोसाइटी सेन्ट जोसेफ छात्रवृत्ति फाउन्डेशन कोष | मासिक रकम 20,000 येन (फिर्ता गर्न आवश्यक छैन)<br>प्राथमिक विद्यालय, माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालयबाट स्नातक सम्म निरन्तर भुक्तानी | मे 27 तारिख देखि जुलाई 5 तारिख (आर्थिक वर्ष 2024 को भर्नाको लागि) | सैद्धान्तिक रूपमा सोधपुछ विद्यालयको छात्रवृत्ति अधिकारी मार्फत गरिनुपर्छ।<br>मित्सुई सुमितोमो ट्रस्ट बैंक व्यक्तिगत सम्पत्ति ट्रस्ट व्यापार विभाग च्यारिटेबल ट्रस्ट समूह, क्याथोलिक मारियन सोसाइटी छात्रवृत्ति कोष आवेदन काउन्टर<br>टेलिफोन: 03-5232-8910 |

* थप रूपमा केही प्राइभेट उच्च माध्यमिक विद्यालयहरूको आफ्नै छात्रवृत्ति प्रणाली र ट्यूशन शुल्क छूट प्रणालीहरू पनि हुन सक्छन्। तपाईंको कक्षाको शिक्षकसँग परामर्श गरेर प्रकार र आवेदन समय आदिको सन्दर्भमा सिधै विद्यालयलाई सम्पर्क गर्नुहोस्।
*केही स्थानीय सार्वजनिक निकायले यसलाई कार्यान्वयन पनि गरिरहेका छन्। तपाईंको कक्षाको शिक्षकलाई सोधौं।
* छात्रवृत्ति प्रणाली भुक्तानी फिर्ता गर्न आवश्यक छ।

6. उच्च माध्यमिक विद्यालयका प्रवेश चयन कसरी गरिन्छ

(1) प्रवेश चयनका प्रकारहरू

प्रवेश चयनमा "सामान्य चयन" र "सिफारिस चयन", "विशेषता चयन" र "खेल/संस्कृति/कला सिफारिस चयन" गरी तीन प्रकारका छन्।

सामान्य चयन: शैक्षिक क्षमता परीक्षा स्कोर र व्यक्तिगत सर्वेक्षण रिपोर्टहरूको आधारमा चयन गरिन्छ। यसमा अन्तर्वार्ता र व्यावहारिक सीप परीक्षाहरू समावेश हुन सक्छन्।

सिफारिस चयन: अन्तर्वार्ता, निबन्ध र व्यावहारिक सीप परीक्षण मध्ये दुई वा सोभन्दा कमको परीक्षणको आधारमा चयन गरिनेछ।

विशेषता चयन: विस्तृत प्रश्नहरू, छोटो निबन्ध निबन्धहरू, मौखिक परीक्षाहरू र व्यावहारिक सीप परीक्षणहरू मध्ये दुई वा सोभन्दा बढिको परीक्षणको आधारमा चयन गरिनेछ।

खेल/संस्कृति/कला सिफारिस चयन: व्यावहारिक सीप परीक्षण, अन्तर्वार्ता, निबन्ध वा छोटो निबन्ध मध्ये एक वा सोभन्दा बढीको परीक्षणको आधारमा चयन गरिनेछ। साथै विशेषता चयन गर्ने विद्यालयहरूमा विशेषता चयनका लागि विस्तृत प्रश्नहरू समावेश गर्न सक्छन्।

*अघिल्लो आर्थिक वर्षको शिगा प्रिफेक्चरल उच्च माध्यमिक विद्यालय प्रवेश शैक्षिक क्षमता परीक्षाका प्रश्नहरू शिगा प्रिफेक्चरल शिक्षा बोर्ड सचिवालयको वेबसाइटमा हेर्न सक्नुहुन्छ।
（URL: https://www.pref.shiga.lg.jp/edu/nyuushi/high/senbatsu/105597.html）

(2) प्रिफेक्चरल उच्च माध्यमिक विद्यालयका लागि प्रवेश चयन गर्दा विचार गर्नुपर्ने कुराहरू

यदि तपाईं प्रिफेक्चरल उच्च माध्यमिक विद्यालय प्रवेश चयन प्रक्रियामा विदेशी विद्यार्थीहरूको लागि विचार गरेको चाहनुहुन्छ भने तपाईंको छनोटको विद्यालयलाई "विदेशबाट फर्केका विद्यार्थीहरूलाई आदि ह्यान्डल गर्न उपायहरूको लागि अनुरोध" पेश गर्नुपर्छ। विचार गरेको चाहनुहुने विवरणहरू बारे माध्यमिक विद्यालय मार्फत आवेदन दिनुभएको उच्च माध्यमिक विद्यालयसँग परामर्श गर्नुहोस्।

* "विदेशबाट फर्केका विद्यार्थीहरूलाई आदि ह्यान्डल गर्न उपायहरूको लागि अनुरोध" पेश गर्न योग्य व्यक्तिहरू
विदेशबाट फर्केका विद्यार्थीहरू वा विदेशी विद्यार्थीहरू मध्ये तल ① र ② दुवैमा पर्ने व्यक्ति
① जापानमा फर्किएको वा अवधि　जापानमा फर्केको वा जापानमा आएको मिति देखि सन् 2025 फेब्रुअरी 1 तारिख सम्मको अवधि 6 वर्ष भित्र
② विदेशमा बसोबासको अवधिजापान　मा फर्किएको वा जापानमा आएको मितिबाट फिर्ता गणना गर्दै लगातार 1 वर्ष वा सोभन्दा धेरै

विचार गर्ने विवरण: व्यक्तिगत परिस्थिति अनुसार शैक्षिक क्षमता परीक्षा प्रश्नहरूको कान्जीमा काना राख्ने, समय विस्तार गर्ने, विदेशी भाषाहरू र जापानी भाषा अनुवाद गर्ने उद्देश्यको लागि शब्दकोश ल्याउने (2 पुस्तकहरू सम्म। यद्यपि तपाईंले अंग्रेजी शब्दकोश ल्याउन सक्नुहुन्न) आदि।

7. प्रवेश परीक्षाको लागि तालिका (माध्यमिक विद्यालयका तेस्रो वर्षको विद्यार्थीहरू) (उदाहरण)

| | |
|---|---|
| जुलाई | तीन-तर्फी अन्तर्वार्ता (माध्यमिक विद्यालयका विद्यार्थी, अभिभावक आदि र कक्षा शिक्षकहरूसँग परामर्श) |
| अगस्ट | उच्च माध्यमिक विद्यालयमा प्रवेश अनुभव |
| सेप्टेम्बरको सुरु तिर | क्षमता परीक्षण (वर्षमा 7-8 पटक गरिने) |
| अक्टोबर | मिडटर्म परीक्षा |
| नोभेम्बर | अन्तिम परीक्षा |
| डिसेम्बरको बीच तिर | तीन-तर्फी अन्तर्वार्ता (ग्रेड र इच्छाको आधारमा कुन विद्यालयको परीक्षा दिने निर्णय गर्ने परामर्श) |
| जनवरी बीच तिर | प्रिफेक्चरको प्राइभेट आवेदन (परीक्षा आवेदन) |
| जनवरीको अन्त्यतिर | प्रिफेक्चरल सिफारिस चयन, विशेषता चयन, खेल/संस्कृति/कला सिफारिस चयन आवेदन |
| फेब्रुअरीको सुरु तिर | प्रिफेक्चरको प्राइभेट परीक्षा<br>प्रिफेक्चरको प्राइभेटको नतिजा घोषणा<br>प्रिफेक्चरल सिफारिस चयन, विशेषता चयन, खेल/संस्कृति/कला सिफारिस चयन (प्रवेश चयन) |
| फेब्रुअरीको बीच तिर | प्रिफेक्चरल सिफारिस चयन, विशेषता चयन, खेल/संस्कृति/कला सिफारिस प्रवेश अनुमतिको नियोजित व्यक्तिको सूचना<br>प्रिफेक्चरल सामान्य चयन आवेदन |
| फेब्रुअरीको अन्त्यतिर | प्रीफेक्चरल सामान्य चयन आवेदन परिवर्तन |
| मार्चको सुरु तिर | प्रिफेक्चरल सामान्य चयन शैक्षिक क्षमता परीक्षा (प्राथमिक चयन परीक्षण) |
| मार्चको बीच तिर | प्रिफेक्चरल सामान्य चयनमा प्रवेश अनुमतिको नियोजित व्यक्तिको घोषणा<br>प्रिफेक्चरल दोस्रो चयन आवेदन (भर्ना संख्या पूरा नभएको उच्च माध्यमिक विद्यालयहरूको लागि मात्र माध्यमिक चयन गरिनेछ) |
| मार्चको अन्त्यतिर | दोस्रो चयन परीक्षण<br>दोस्रो चयनमा प्रवेश अनुमतिको नियोजित व्यक्तिको घोषणा |
| अप्रिलको सुरु तिर | उच्च माध्यमिक विद्यालयमा भर्ना! |

[प्रवेश परीक्षा सम्बन्धी शब्दहरू]

**आवेदन फारम:** परीक्षा लिनको लागि पेश गरिने कागजातहरू।

**छनोटको विद्यालय:** तपाईंले परीक्षा दिन चाहनुभएको उच्च माध्यमिक विद्यालय हो।

**आवेदन:** आफ्नो छनोटको विद्यालयमा आवेदन पेश गर्नु हो।

**रिपोर्ट:** माध्यमिक विद्यालयको ग्रेड, उपस्थिति र स्कूल गतिविधिहरू (समिति सदस्य, पुरस्कारहरू आदि) लेखिएको रेकर्ड।

**एकल आवेदन:** छनोटको एउटा विद्यालयको मात्र परीक्षा लिनु हो। प्राइभेट उच्च माध्यमिक विद्यालयको लागि एकल आवेदन गर्नुहुन्छ भने पास भएमा त्यो विद्यालयमा जानु पर्छ तर बहु आवेदन गरेर परीक्षा लिनु भन्दा पास हुने सम्भावना बढी छ जस्तो देखिन्छ।

**बहु आवेदन:** पहिलो छनोटको विद्यालय (सबैभन्दा धेरै प्रवेश गर्न चाहनुभएको विद्यालय) मात्र नभई अन्य उच्च माध्यमिक विद्यालयको पनि परीक्षा लिनु हो।

① प्रिफेक्चरल उच्च माध्यमिक विद्यालयहरूमा एकैसाथ आवेदन दिन वा अन्य प्रिफेक्चरहरूमा सार्वजनिक उच्च माध्यमिक विद्यालयहरूमा आवेदन दिन सम्भव छैन।

② प्रिफेक्चरल उच्च माध्यमिक विद्यालय र प्राइभेट उच्च माध्यमिक विद्यालय वा प्राइभेट उच्च माध्यमिक विद्यालयमा समवर्ती आवेदन, प्राइभेट उच्च माध्यमिक विद्यालय सिफारिस (एकल आवेदन) आवेदकहरू बाहेक शैक्षिक क्षमता परीक्षा मितिहरू फरक भएको कारण सम्भव हुन सक्छ।

**उच्च माध्यमिक विद्यालयमा प्रवेश अनुभव:** माध्यमिक विद्यालयमा हुँदा तपाईंको मनपर्ने उच्च माध्यमिक विद्यालयमा विद्यालय जीवनको अनुभव गर्नु हो। धेरै विद्यालयहरूले अगस्टको गर्मी बिदामा राख्छन्। साथै केही विद्यालयहरूले दोस्रो सेमेस्टरको शनिबार र आइतबारमा राख्छन्।

**"तीन-तर्फी अन्तर्वार्ता": विद्यार्थी, अभिभावक आदि, र शिक्षक तिन जनाले पाठ्य विषयको बारेमा छलफल गर्नु हो।**

धेरै विद्यालयहरूले सामान्यतया जुलाई र डिसेम्बरमा तीन-तर्फी अन्तर्वार्ता राख्छन्। विद्यार्थीहरूको भविष्यका चाहना र तिनीहरूको वर्तमान लक्ष्यहरू स्पष्ट गर्न र तीन जना बीच साझा समझ प्राप्त गर्ने उद्देश्यले गरिन्छ।

तीन-तर्फी अन्तर्वार्ता बाहेकको दिन भएपनि अनुरोध गर्नुभयो भने कुनै पनि समयमा अन्तर्वार्ता दिन सकिने हुनाले कुनै चिन्ता छ भने सकेसम्म चाँडो आफ्नो शिक्षकसँग परामर्श गर्नुहोस्।

8. उच्च माध्यमिक विद्यालयको जीवनको बारेमा

विद्यालयमा विभिन्न कार्यक्रमहरू आयोजना गरिन्छन् र ती मध्ये केहीमा अभिभावक-शिक्षक सम्मेलनहरू जस्ता अभिभावकहरू आदिलाई पनि विद्यालय आउन आवश्यक हुने र शैक्षिक भ्रमणहरू जस्ता अतिरिक्त पैसा चाहिने कार्यक्रमहरू पनि छन्। विस्तृत जानकारी विद्यालयले सूचित गर्नेछ।

[एक वर्षको लागि प्रमुख विद्यालय कार्यक्रमहरूको उदाहरण]

पहिलो सेमेस्टर: उद्घाटन समारोह, प्रवेश समारोह, स्वास्थ्य परीक्षण, शारीरिक मापन, फिल्ड ट्रिप, तीन-तर्फी अन्तर्वार्ता, नियमित परीक्षण, समापन समारोह, गर्मी बिदा

दोस्रो सेमेस्टर: उद्घाटन समारोह, एथलेटिक भेटघाट, विद्यालय महोत्सव/शिक्षा प्रस्तुति, तीन-तर्फी अन्तर्वार्ता, नियमित परीक्षा, समापन समारोह, जाडो बिदा

तेस्रो सेमेस्टर: उद्घाटन समारोह, शैक्षिक भ्रमण, तीन-तर्फी अन्तर्वार्ता, नियमित परीक्षा, स्नातक समारोह, समापन समारोह, वसन्त बिदा

※ तीन-सेमेस्टर विद्यालय मात्र नभई पहिलो र दोस्रो सेमेस्टरका दुई-सेमेस्टर प्रणालीको विद्यालयहरू पनि छन्।

※ ग्रेड कमजोर छ वा धेरै अनुपस्थित छ भने पहिलो ग्रेड बाट दोस्रो ग्रेड वा दोस्रो ग्रेड बाट तेस्रो ग्रेडमा अगाडि बढ्न नसक्ने स्थिति हुन सक्छ। उही ग्रेड पुनः दोहोर्याउनुलाई एउटै कक्षामा रहनु (मूल ग्रेड अवधारण) भनिन्छ।

~ उच्च माध्यमिक विद्यालयको एक दिन भनेको ~ (पूर्ण-समय पाठ्यक्रमको उदाहरण)

उच्च माध्यमिक विद्यालय बिहान 8:30 बजे तिर सुरु हुन्छ र बिहान 4 कक्षाहरू हुन्छन् (एउटा कक्षा 50 मिनेटको हुन्छ)। खाजा पछि दिउँसो 2 कक्षाहरू हुन्छन्। एक दिन 6 कक्षाहरू छन्। हरेक विषयका लागि शिक्षक परिवर्तन हुन्छ । कक्षा पछि तपाईं राम्रो हुने खेलकुद र सांस्कृतिक गतिविधिहरूको लागि अतिरिक्त क्रियाकलापहरू छन्। प्रवेश गर्ने कि नगर्ने फ्रि छ। विद्यालयले दिने खाजा छैन त्यसैले घरबाट लन्च बक्स ल्याउन सक्नुहुन्छ वा विद्यालयमा क्याफेटेरिया छ भने त्यहाँ खाजा खान सक्नुहुन्छ। धेरैजसो उच्च माध्यमिक विद्यालयमा विद्यार्थीहरूले स्कूलमा लगाइएका युनिफोर्महरू (मानक पोशाकहरू) छन्। त्यो लगाएर विद्यालयमा जान्छन्।

9. अन्य

रोजगारी: काम पाउन निम्न तरिकाहरू छन्।

तपाईंको विद्यालय मार्फत हेलो वर्क* (सार्वजनिक रोजगार सुरक्षा कार्यालय) मा जागिर परिचय गराउने तारिका

*हेलो वर्क भनेको काम गर्न चाहने व्यक्तिहरूलाई काम परिचय गराउने ठाउँ हो। रोजगारी सम्बन्धी परामर्श सेवाहरू पनि उपलब्ध गराउँछ। (केही हेलो वर्क अफिसहरूमा पोर्चुगिज भाषा, स्पेनिश भाषा आदिमा पनि परामर्श गर्न सक्नुहुन्छ।)

आफ्नो भविष्यको बारेमा आफ्ना शिक्षक र अभिभावकहरू आदिसँग राम्रोसँग परामर्श गर्नुहोस् र यसको बारेमा सोच्नुहोस्!

# आफ्नो सपना तर्फ माध्यमिक विद्यालयको विद्यार्थीको पाठ्य विषय Q & A

## ✐ चाँडै नै पाठ्य विषय निर्णय गर्नुपर्छ भनिएको छ तर म दोधारमा छु।

माध्यमिक विद्यालयबाट स्नातक गरेपछि, पढि रहन उच्च माध्यमिक विद्यालय, प्रविधिक कलेज, विशेष प्रशिक्षण कलेज, विभिन्न विद्यालय, व्यावसायिक विद्यालय, अंशकालिक पाठ्यक्रम र पत्राचार पाठ्यक्रमको उच्च माध्यमिक विद्यालय जस्ता विभिन्न विद्यालयहरू छन्। पाठ्य विषय ब्रीफिङहरू, भ्रमणहरू र परीक्षण प्रवेशहरूमा सक्रिय रूपमा भाग लिएर विद्यालयको बारेमा जानकारी सङ्कलन गर्नुहोस्। त्यसपछि आफ्नो चाहना, योग्यता र क्षमताहरू बारे सोच्नुहोस् र आफ्नो विद्यालयको शिक्षक र परिवारका सदस्यहरूसँग राम्रोसँग परामर्श गरेर निर्णय गर्नुहोस्। तलका सामग्रीहरू प्रयोग गर्नुहोस्।

* "ड्रिम ब्लुप्रिन्ट-शिगा प्रिफेक्चरल उच्च माध्यमिक विद्यालयहरूको विशेषताहरू परिचय"
(शिगा प्रिफेक्चरल शिक्षा बोर्ड सचिवालय उच्च माध्यमिक विद्यालय शैक्षिक विभाग)
4 भाषाहरू https://www.pref.shiga.lg.jp/edu/school/tokusyoku/104806.html

* "भविष्यको लागि पाठ्य विषय गाइडेन्स" (शिगा प्रिफेक्चरल अन्तर्राष्ट्रिय संघ) जापानी भाषा (रुबीको साथ) पोर्चुगिज भाषा, स्पेनिश भाषा, चिनियाँ भाषा, अंग्रेजी, फिलिपिनो भाषा (टागालोग), भियतनामी भाषा , नेपाली भाषा संस्करण
https://www.s-i-a.or.jp/projects/multicultural

## ✐ मेरो सपना नर्स बन्ने हो । मैले के गर्नुपर्छ?

माध्यमिक विद्यालयबाट स्नातक गरेपछि विशेष प्रशिक्षण कलेज वा प्रविधिक कलेजमा जाने, उच्च माध्यमिक विद्यालयबाट स्नातक गरेपछि नर्स प्रशिक्षण स्कूल, नर्सिङ कलेज वा नर्सिङ जुनियर कलेजमा जाने जस्ता विभिन्न बाटो छ तर जुन बाटो रोजे पनि राष्ट्रिय परीक्षा पास गर्नुपर्छ। प्रिफेक्चरमा पनि विशेष प्रशिक्षण कलेजहरू र प्रविधिक कलेजहरू भएकोले आफ्नो शिक्षकसँग परामर्श गर्नुहोस्।

## ✐ मैले माध्यमिक विद्यालयबाट स्नातक गरेको छैन। तर म उच्च माध्यमिक विद्यालयमा जान चाहन्छु।

तपाईंसँग माध्यमिक विद्यालयबाट स्नातक गरे बराबरको शैक्षिक क्षमता छ वा छैन भनी प्रमाणित गर्न सरकारले वर्षमा 1 पटक परीक्षा लिन्छ। तपाईंले यो परीक्षा पास गर्नुभयो भने उच्च माध्यमिक विद्यालयमा प्रवेश गर्ने योग्यता दिइनेछ। जापानी नागरिकता नभए पनि शैक्षिक वर्षको अन्त्यमा 15 वर्ष वा सोभन्दा माथिको उमेर पुग्ने व्यक्तिले परीक्षा दिन सकिन्छ।

माध्यमिक विद्यालय स्नातक प्रमाणपत्र परीक्षा बिहीबार, अक्टोबर 17 कार्यालय किता सिन्खान ५-E मिटिंग कक्ष
(ओचु शहर क्योमाची ४-१-१)
आवेदन स्वीकृति अवधि: सन् 2024 जुलाई 1 तारिख (सोमबार) देखि अगस्त ३० तारिख (शुक्रबार)
(हुलाक द्वारा पठाइयो भन अगस्त ३० तारिखको पोस्टमार्क मान्य छ)
सम्पर्क: शिगा प्रिफेक्चरल शिक्षा बोर्ड सचिवालय किन्डरगार्टन, प्राथमिक र माध्यमिक विद्यालय शिक्षा विभाग
टेलिफोन 077-528-4665

माध्यमिक विद्यालय स्नातक नगरेको व्यक्ति अथवा स्कूल नगएको आदि विभिन्न कारणले गर्दा राम्रोसँग पढ्न नपाएको व्यक्ति बेलुकाको माध्मिक विद्यालयमा पढ्न सकिन्छ। शिगा प्रदेशमा सन् २०२५ अप्रिल देखि कोनान महानगरपालिका कोसाई सरकारी माधमिक विद्यालयमा बेलुकाको कक्षा स्थापना हुनेछ। त्यहाँ हप्तामा ५ दिन,दिनमा ४ घन्टाको क्लास हुनेछ। अनि माध्यमिक विद्यालयको सबै विषयहरु पढ्न सकिन्छ। स्नातक गरेपछि माध्यमिक विद्यालय स्नातकको योग्यत प्राप्त गर्न सकिन्छ।

भर्ना गर्न चाहेको व्यक्तिहरुको लागि सेमिनार सन् २०२४ अगस्त ३१ तारिख (शनिबार) आवेदनको म्याद अगस्त २६ तारिख (सोमबार)
सन् २०२४ अक्टोबर २५ तारिख (हुक्रबार) आवेदनको म्याद अक्टोबर 21 तारिख (सोमबार)

सम्पर्क कोनान महानगरपालिका शिक्षणसमिति कार्यालय विद्यालय शिक्षण विभाग फोन ०७४८—77 —७०११

## ✐ म जतिसक्दो चाँडो उत्पादन जस्ता सीपहरू प्राप्त गरेर काम गर्न चाहन्छु।

रोजगारीको लागि एक वर्षको व्यावसायिक क्षमता विकास विद्यालयको रूपमा प्रिफेक्चरल उच्च प्राविधिक कलेज (टेक्नो कलेज) छ। फेसन डिजाइन, काठको वास्तुकला र उत्पादन धातु जस्ता विभागहरू भएकोले आफ्नो शिक्षकसँग परामर्श गर्नुहोस्।

### ✐ काम गर्दै पढाइलाई निरन्तरता दिने योजना बनाएको छु ।

अंशकालिक पाठ्यक्रम र पत्राचार पाठ्यक्रमको उच्च माध्यमिक विद्यालयहरू छन्। अंशकालिक पाठ्यक्रममा दिन र रातको समयहरू छन्। पत्राचार पाठ्यक्रममा विद्यार्थीहरू मध्यहप्तामा घरमै पढेर रिपोर्टहरू पेश गर्छन् र बिदाको दिनमा विद्यालय जान्छन्। यी मध्ये केही विद्यालयहरूमा ग्रेड प्रणालीको सट्टा क्रेडिट प्रणाली पनि छ। आफ्नो विद्यालय शिक्षकसँग निश्चय गर्नुहोस्।

### ✐ मेरो आर्थिक समस्या भएकोले मेरो पढाइ जारी राख्न सक्दिनँ।

शिक्षण शुल्क सहयोग गर्ने भिन्न छात्रवृत्ति कोष प्रणाली छन्। त्यसैले यिनीहरूलाई प्रयोग गर्नुहोस्। शिगा प्रिफेक्चरल छात्रवृत्ति कोष र सेन्ट जोसेफ छात्रवृत्ति फाउन्डेशन कोषहरू आदिको साथै विभिन्न संस्थाहरूको छात्रवृत्ति र तपाईं बस्ने सहरद्वारा स्थापित छात्रवृत्ति प्रणालीहरू नि हुन सक्छन्।

आर्थिक रूपमा धेरै गाह्रो भइरहेको छ भने आफ्नो विद्यालय, प्रत्येक संस्था वा प्रिफेक्चरल शिक्षा बोर्ड सचिवालयसँग परामर्श गर्नुहोस्। अन्य निजी शिक्षा ऋण पनि छन्।

# सामग्री

1. शिगा प्रिफेक्चरल उच्च माध्यमिक विद्यालयको पाठ्यक्रमहरूको बारेमा

    ⁎ "ड्रिम ब्लुप्रिन्ट ~शिगा प्रिफेक्चरल उच्च माध्यमिक विद्यालयहरूको विशेषताहरू परिचय~"
    (शिगा प्रिफेक्चरल बोर्ड अफ एजुकेशन सचिवालयबाट)

2. शिगा प्रिफेक्चरल उच्च माध्यमिक विद्यालय द्वारा प्रवेश गर्ने व्यक्तिको चयन सूची

    ⁎ "शिगा प्रिफेक्चरल उच्च माध्यमिक विद्यालय प्रवेश गर्ने व्यक्ति चयन विवरण"
    (शिगा प्रिफेक्चरल बोर्ड अफ एजुकेशन सचिवालयबाट)

3. शिगा प्रिफेक्चरको प्राइभेट, अन्य उच्च माध्यमिक विद्यालय र प्राविधिक उच्च व्यावसायिक विद्यालयहरू

4. शिगा प्रिफेक्चरको उच्च माध्यमिक विद्यालयहरूको स्थान

    ⁎ 3 र 4: ("माध्यमिक विद्यालयको जीवन र पाठ्य विषय" सन् 2022 संस्करण 1-3
    (शिगा प्रिफेक्चरल माध्यमिक विद्यालय शैक्षिक रिसर्च एसोसिएसन, पाठ्य विषय गाइडेन्स कमिटी) बाट अंश)

5. शिगा प्रिफेक्चरको दोभाषे र विदेशीहरूको लागि परामर्श काउन्टरहरूको सूची

6. शिगा प्रिफेक्चरको जापानी भाषा कक्षाहरूको सूची

7. बालबालिकाको पढाइ र खेल समूहहरूको सूची

# प्रिफेक्चरल उच्च माध्यमिक विद्यालयका विभागहरू

1 मुख्यतया सामानीय शिक्षा पढाइने पाठ्यक्रम (सामान्य पाठ्यक्रम)

※रेइवा ससंवत् ७ साल देखि सामानीय पाठ्यक्रम बाहेक मुख्यतया सामान्य शिखा शिक्षा पढाइने नयाँ पाठ्यक्रम स्थापना हुनेछ।

・MORINO TANKYU KA(वनको खोजी पाठ्यक्रम【इका हाई स्कूल】
・MIRAI KYOSEI KA(भविष्य सह-निर्माण पाठ्यक्रम【मोरियामा हाई स्कूल】

(1) सामान्य पाठ्यक्रमका विशेषताहरू

・सामान्य शिक्षा: सामान्य शिक्षा सुधार गर्न र भविष्यको पाठ्य विषयको लागि आवश्यक आधारभूत क्षमताहरू विकास गर्छ।

・शिक्षण विवरण: मुख्य रूपमा सामान्य विषयहरू। केही विद्यालयहरूले विशेष पाठ्यक्रमहरू पनि प्रस्ताव गर्छन्। सामान्य विषयहरू: जापानी भाषा, भूगोल र इतिहास, नागरिक शास्त्र, गणित, विज्ञान, स्वास्थ्य र व्यायामको कक्षा, कला, विदेशी भाषा/गृह, सूचना

・प्रकारहरू: जापानी भाषा र सामाजिक अध्ययनहरूमा केन्द्रित मानविकी पाठ्यक्रमहरू र गणित र विज्ञानमा केन्द्रित विज्ञान पाठ्यक्रमहरू आदिको प्रकारहरू तोकिएको हुन्छ र प्रत्येकको इच्छित पाठ्य विषय अनुसार पढ्न सकिन्छ।

・शैक्षिक उपलब्धिको स्तर अनुसार पढ्ने: केही विद्यालयहरूले गणित, अंग्रेजी आदिमा प्रत्येक विद्यार्थीको शैक्षिक उपलब्धिको स्तर अनुसार पाठहरू प्रदान गर्छ।

・सामान्य पाठ्यक्रम सम्बन्धित पाठ्यक्रम

विद्यार्थीहरूको क्षमता, योग्यता र इच्छित पाठ्य विषय आदि अनुसार शिक्षा प्रदान गर्न पाठ्यक्रमहरू तोकिएको सामान्य पाठ्यक्रमको उच्च माध्यमिक विद्यालयहरू छन्।

-व्यायामको कक्षा पाठ्यक्रम・・・・・**[इबुकी][एची][मिनाकुची]**
-अन्तर्राष्ट्रिय संस्कृति पाठ्यक्रम・・・**[किताओत्सु][मिनाकुची]**
-अंग्रेजी पाठ्यक्रम・・・・・・・・・・・・・**[माइबारा]**
-संगीत पाठ्यक्रम・・・・・・・・・・・・・・**[एची]**
-कल्याण तथा स्वास्थ्य पाठ्यक्रम・・**[इसिबे]**
-GS (ग्लोबल साइन्स) पाठ्यक्रम **[हिकोने हिगाशी]**

(2)वनको खोजी पाठ्यक्रम (इका हाइ स्कूल ) को विशेषता

・सिगा प्रदेश को उत्तरी क्षेत्रको समृद्ध प्राकृतिक वातावरण,वन स्रोतहरु आदि प्रयोग गरेर "वनमा पढ्नु" भन्ने लक्ष्य राखेर विद्यार्थीहरुको "जीउने क्षमता" स्थानीय समाज बढाउनेछौँ।साथै कायम गर्न सकिने समाज र बिवा ताल वरपरको जीवन वा मानिसहरू र प्रकृति मिलेर रहने रिसाइक्लिंग समाज निर्माणको लागि योगदान पुर्याउन सक्ने मानिसहरूलाई हुर्काइनछ।

(3)MIRAI KYOSEI KA(भविष्य सह-निर्माण पाठ्यक्रम (मोरियामा हाई स्कूल ) को विशेषता

・आफ्नो खुट्टाले उभिने ,मिलेर काम गर्ने,आफ्नो विचार अरूलाई भन्न सक्ने क्षमता सहितको "जीउने क्षमता" बढाउनुको साथै मिलेर निर्माण गर्ने क्षमता बढाउने लक्ष्य राखेका छौं।
विभिन्न किसिमका व्यावहारिक अभ्यासहरू बाट प्राप्त गर्ने अनुभवहरू वा प्रशिक्षण मार्फत सिक्न रमाउन सक्ने वातावरण प्रदान गरिनेछ।

2 विशेष पाठ्यक्रम

・विशेष पाठ्यक्रमले प्रत्येक व्यक्तिको चासो र सरोकारलाई महत्त्व दिन्छन् र प्रत्येक व्यक्तिका विशेषताहरूको अधिकतम उपयोग गर्ने शिक्षा प्रदान गर्छ।
・विशेष पाठ्यक्रममा सामान्य विषयहरूको अध्ययनको अतिरिक्त निम्न विशेष विषयहरू पढ्न र विशेष ज्ञान र सीपहरू प्राप्त गर्न सक्छन्।

(1) कृषि पाठ्यक्रम

कृषि पाठ्यक्रम: पशु विज्ञान क्षेत्र (पशु र पाल्तु जनावर प्रजनन व्यवस्थापन, खाद्य उत्पादन क्षेत्र (बालीको खेती र ठूलो मेसिन सञ्चालन), खाद्य र कृषि प्रवर्द्धन क्षेत्र (स्थानीय कृषि उत्पादनहरूको उत्पादन, प्रशोधन, वितरण र बिक्री) सँग सम्बन्धित कुराहरू **[नागाहामा नोग्यो]**
कृषि उत्पादनको उत्पादनसँग सम्बन्धित आधारभूत ज्ञान र सीप सँग सम्बन्धित कुराहरू **[कोनान् नोग्यो]**
धान, तरकारी, फलफूल, फूल फूल्ने बोट-बिरूवाको खेती, पशुपालन, बायोटेक्नोलोजी, कृषि व्यवस्थापन सँग सम्बन्धित कुराहरू **[योकाइची मिनामी]**

खाद्य पाठ्यक्रम: प्रशोधित कृषि उत्पादन र प्रशोधित पशुधन उत्पादनहरूको उत्पादन, वितरण र बिक्री सँग सम्बन्धित कुराहरू **[नागाहामा नोग्यो] [कोनान् नोग्यो] [योकाइची मिनामी]**

बागवानी पाठ्यक्रम: तरकारी, फलफूल र फूल फूल्ने बोट-बिरूवाको उत्पादन, वितरण र उपयोग सँग सम्बन्धित कुराहरू **[नागाहामा नोग्यो]**

फूल र हरियाली पाठ्यक्रम: फूल फूल्ने बोट-बिरूवा र रूखहरूको उत्पादन, बिक्री र प्रयोग सँग सम्बन्धित आधारभूत ज्ञान र सीपहरू सँग सम्बन्धित कुराहरू **[कोनान् नोग्यो]**

फूल हरियाली डिजाइन पाठ्यक्रम: वातावरणीय हरियालीलाई विचार गरेको शहरी योजना र क्षेत्रीय विकास डिजाइन आदिको आधारभूत ज्ञान, नापी र ल्यान्डस्केपिङ टेक्नोलोजी आदि सँग सम्बन्धित कुराहरू **[योकाइची मिनामी]**

(2) इन्जिनियरिङ पाठ्यक्रम

मेसिनरी पाठ्यक्रम: मेसिन उद्योगको आधारभूत ज्ञान र सीप सँग सम्बन्धित कुराहरू, क्षेत्रीय कार्य, निर्देशन दिने, पर्यवेक्षण र व्यवस्थापन सँग सम्बन्धित कुराहरू
**[हिकोने कोग्यो] [हाचिमन् कोग्यो] [सेता कोग्यो] [हिकोने कोग्यो (साँझको कक्षा)]**

इलेक्ट्रोनिक पाठ्यक्रम: विद्युत् उत्पादन, प्रसारण, उपयोग विधि र सिद्धान्त सँग सम्बन्धित कुराहरू, विद्युत सम्बन्धी उत्पादन र व्यवस्थापन · सञ्चालन, मर्मतसम्भार, प्राविधिक सेवा आदिको कार्य सँग सम्बन्धित कुराहरू, पावर बचत सँग सम्बन्धित कुराहरू, कम्प्युटर मेकानिज्म र प्रोग्राम, कम्प्युटरहरूले मेसिनहरू नियन्त्रण गर्ने मेकाट्रोनिक्स आदि प्राविधिक आविष्कारहरू सँग सम्बन्धित कुराहरू, सूचना प्रविधिहरू जस्तै डाटा संचार सँग सम्बन्धित कुराहरू **[हिकोन कोग्यो] [हाचिमान् कोग्यो] [सेता कोग्यो]**

केमिकल उद्योग पाठ्यक्रम: केमिकल कारखाना र केमिकल सँग सम्बन्धित क्षेत्रमा उपकरणहरूको सञ्चालन, व्यवस्थापन, अनुसन्धान, सीप, सेवाहरू आदि सँग सम्बन्धित कुराहरू र बायोटेक्नोलोजी सँग सम्बन्धित कुराहरू **[सेता कोग्यो]**

निर्माण पाठ्यक्रम: काठका घरहरू, अग्लो भवनहरू आदिको डिजाइन र निर्माण, यी भवनहरूका एयर कन्डिशनर उपकरण, पानीको आपूर्ति र निकास स्वच्छता उपकरण, विपद् रोकथाम उपकरणहरूको डिजाइन र निर्माण, सडक, पुल र रेल सुविधाहरूको डिजाइन र निर्माणको सीप सँग सम्बन्धित कुराहरू **[हिकोने कोग्यो]**

वातावरणीय केमिकल पाठ्यक्रम: वातावरणीय विश्लेषण, पर्यावरण संरक्षण, निर्माण, रिसाइकल प्रयोग र बायोटेक्नोलजी सँग सम्बन्धित कुराहरू **[हाचिमान् कोग्यो]**

मेकानिकल/विद्युत पाठ्यक्रम: मेसिनरी र बिजुली सम्बन्धी आधारभूत ज्ञान र सीपहरू सँग सम्बन्धित कुराहरू मेसिनिङ टेक्नोलोजी र बिजुली निर्माण व्यवस्थापन प्रविधि सँग सम्बन्धित कुराहरू
**[सेताकोग्यो (साँझको कक्षा)]**

(3) वाणिज्य पाठ्यक्रम

